आ.ब.२०८०/८१ को नवौं कार्यपालिका वैठक

माघ १९, २०८०

आज मिति २०८० माघ १९ गते शुक्रवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८०/८१ को नवौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

Scanned with CamScanner

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुबहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

आ.ब.२०८०/८१ को नवौं कार्यपालिका वैठक

माघ १९, २०८०

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो । |
| २ | चालु आ.ब २०८०/८१ को आयोजना तथा कार्यक्रम कार्यान्वियलाई तिब्रता दिने | नगरपालिकाको चालु आ.ब.२०८०/८१ को लागि नगरसभाबाट स्वीकृत कार्यक्रमहरुको हाल सम्मको समिक्षा (आय ५९.२७ प्रतिशत, व्यय २०.२७ प्रतिशत /भौतिक प्रगति ४४.२१ प्रतिशत) गरी आयोजना तथा कार्यक्रम कार्यान्वयमा थप तिव्रता दिंदै स्वीकृत भएका कार्यक्रमहरु समयमानै सक्ने गरी कार्यान्वयनमा लाग्न निर्देश गर्ने साथै स्थानीय उपभोक्ता/ लाभग्राही समूह मार्फत संचालन हुने आयोजना तथा कार्यक्रमहरु २०८० फाल्गुण मसान्त भित्र सम्झौता गरी प्रकृया अगाडि बढाउन वडा कार्यालयहरु एवं शाखाहरुलाई समयसीमा तयगरी जानकारी गराउने । |
| ३ | आगामी आ.ब. २०८१/८२ को बजेट तर्जुमाका चरणहरु समयसीमा अनुसार कार्यान्वयन सम्वन्धमा | आगामी आ.ब. २०८१/८२ को बार्षिक, नीति योजना तथा कार्यक्रम एवं मध्यमकालिन खर्च संरचनाको तयारीका लागि नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन एवं स्थानीय तहको वजेट तर्जुमा दीग्दर्शन लगायतमा भएको कानुनी ब्यवस्था अनुसारको समयसीमा बमोजिमका गतिविधिहरु समयमानै संचालन गरी तयारी गर्ने ।विषयगत क्षेत्रका सदस्यहरुलाई गत आ.ब. अनुसारनै सम्वन्धित विषयगत क्षेत्रको जिम्मेवारी तोक्ने । |
| ४ | मर्मत संभार सम्वन्धी कार्यविधि संशोधन गर्ने | टोखा नगरपालिकाको मर्मत संभार कोष संचालन कार्यविधिमा संशोधन गरी मर्मत ईकाइ सम्वन्धी व्यवस्था थप गर्ने ।प्राविधिक कर्मचारीको नेतृत्वमा अधिकतम ४ जना सम्म कर्मचारी रहने गरी मर्मत संभार ईकाइको व्यवस्था मिलाइ कानुन बमोजिम कार्यान्वयनमा ल्याउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने । |
| ५ | व्यावसाय दर्ता संचालन अभियान सम्वन्धमा | ब्यावसाय दर्ता अभियान संचालन कार्यविधि,२०८० अनुसार व्यावसाय दर्ता अभियान कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न स्वंयम सेवक नियुक्ति गर्दा १ जना सम्वन्धित वडाको रहने गरी सामुदायिक विद्यालय, संस्थागत विद्यालय, स्थानीय युवा, नगरप्रहरी एक जना र  सम्वन्धित वडा समितिबाट तोकिएको एक जना जनप्रतिनिधि वा कर्मचारी मध्येवाट तपशिल मोजिमको वडास्तरीय टोली गठन गर्ने । सो टोलीको सुविधा तथा कार्य विवरण कार्यविधिमा उल्लेख भए बमोजिम हुने । |

| वडा नं. | टोलिमा खटिने सदस्य संख्या | टोलि संख्या |
|---|---|---|
| १ | ४ जना | १ वटा टोलि |
| २ | ४ जना | १ वटा टोलि |
| ३ | ३/३ जना | ३ वटा टोलि |

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>४ जना</td><td>१ वटा टोलि</td></tr>
<tr><td>५</td><td>४ जना</td><td>१ वटा टोलि</td></tr>
<tr><td>६</td><td>३/३ जना</td><td>२ वटा टोलि</td></tr>
<tr><td>७</td><td>३/३ जना</td><td>२ वटा टोलि</td></tr>
<tr><td>८</td><td>३/३ जना</td><td>२ वटा टोलि</td></tr>
<tr><td>९</td><td>३/३ जना</td><td>३ वटा टोलि</td></tr>
<tr><td>१०</td><td>३/३ जना</td><td>२ वटा टोलि</td></tr>
<tr><td>११</td><td>३/३ जना</td><td>२ वटा टोलि</td></tr>
</table>
</td></tr>
<tr><td>६</td><td>मिति २०८०/६/२४ गते</td><td>मिति २०८०/६/२४ गतेको नगरकार्यपालिका बैठकले टोखा नगरपालिकावाट घ बर्गको निर्माण व्यावसायी ईजाजतपत्र प्रदान गर्ने बिषयलाई व्यवस्थित गर्ने विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित कार्यदलले आवश्यक अध्ययन गरी पेश गरेको यसै साथ संलग्न अध्ययन प्रतिवेदन स्वीकृत गर्ने साथै टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यावसायी ईजाजत पत्र प्रदानगर्ने प्रकृया खुल्ला गर्ने ।</td></tr>
<tr><td>७</td><td>टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र प्रदान गर्ने ।</td><td>
<table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यावसायीको नाम</th><th>व्यावसाय रहने वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>वाउ कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा-४</td><td></td></tr>
<tr><td>२.</td><td>सामान्था कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा -७</td><td></td></tr>
<tr><td>३.</td><td>श्रीकृष्ण बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा -७</td><td></td></tr>
<tr><td>४.</td><td>एच.के.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा -४</td><td></td></tr>
<tr><td>५.</td><td>ड्रिम बिल्डर्स कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा -५</td><td></td></tr>
<tr><td>६.</td><td>मनम जोमोङ्ग कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा -३</td><td></td></tr>
<tr><td>७.</td><td>एन.आर.ग्रुप.बिल्डर्स कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा -८</td><td></td></tr>
<tr><td>८.</td><td>उमेश कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा -१०</td><td></td></tr>
<tr><td>९.</td><td>जय पाथीभरा बि.एम.बि. कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा -९</td><td></td></tr>
<tr><td>१०</td><td>दिसी एण्ड प्रेमिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा -८</td><td></td></tr>
<tr><td>११</td><td>नर्जामण्डप कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा -९</td><td></td></tr>
<tr><td>१२</td><td>कर्तब्य सप्लायर्स एण्ड निर्माण सेवा प्रा.लि</td><td>टोखा न.पा -११</td><td></td></tr>
<tr><td>१३</td><td>एन.बि. चम्पादेबी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा -८</td><td></td></tr>
<tr><td>१४</td><td>निश्चल कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि</td><td>टोखा न.पा -१०</td><td></td></tr>
<tr><td>१५</td><td>यूनिट बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा -२</td><td></td></tr>
<tr><td>१६</td><td>डाँगी टनेल मास्टर कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा -७</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>८</td><td>नगरप्रमुखको</td><td>जापानिज संस्था जाईकाको निमन्त्रणामा मिति २०८० माघ २१ गते देखि २०८०</td></tr>
</table>

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | विदेश भ्रमण सम्वन्धमा | फाल्गुण ५ गते सम्म जापानको विभिन्न शहरहरुमा विपद् व्यवस्थापन सम्वन्धी अध्ययन अवलोकन भ्रमणको समय तय भएकोले उक्त कार्यक्रमको जानकारी गराईयो । |
| ९ | विविध | १. वडा नं. ७ स्थित गत आ.ब.मा आयोजना स्वीकृत भई सम्झौता भएको नविन थापाको घर अगाडि ढल तथा बाटो निर्माण कार्यको ॐ टोल विकास संस्था मार्फत सम्झौता मिति २०८०-२-५ मा सम्झौता भई विविध कारणले सम्पन्न हुन नसकेकी चालु आ.ब.मा क्रमागत समेत रहेको उक्त कार्यको म्याद २०८० माघ मसान्त सम्म थप गर्ने ।<br>२. सार्वजनिक जग्गा संरक्षण सम्वन्धी अभियान सञ्चालनलाई निरन्तरता दिने । अतिक्रमित जग्गा हटाउनको लागि पूर्व प्रकाशित सूचना समेतलाई स्मरण गराउदै पुनः सार्वजनिक जग्गा खाली गर्ने सम्वन्धी १५ दिने सूचना प्रकाशन गर्ने ।<br>३. वडा नं.११ स्थित मनोहरतिर्थ र विष्णुमति पुलको विचमा रहेको पसल कलवहरुमा मिति २०८०/०९/०८ गते विहान आगलागीबाट क्षति भएकोले तपशिल वमोजिमका आगलागी पिडितहरुलाई निजहरुको प्रहरी मुचुल्का, अन्य कागजातका आधारमा (विपद्) क्षतिपूर्ति उपलब्ध गराउने ।<br>१. राधा पाण्डे - रु १ लाख<br>२. अजय जैसवाल -रु २५ हजार<br>३. लक्ष्मण शाह -रु २५ हजार<br>४. जलुदिन मिया- रु २५ हजार<br>५. कुमार निरौला रु २५ हजार<br>४. वडा नं. १० स्थित सामाखुशी चोक देखि नवजीवन स्कुल हुदै मेडिकल चोक तर्फको मुल सडकमा खानेपानी पाईपलाईन विस्तारको लागि तेहौं नगरसभाको सि.नं. २८४ मा विनियोजित रकम मध्येबाट लागत अनुमान वमोजिमको रकम उपलव्ध गराउने ।<br>५. वडा नं. २ स्थित भगवती वैण्डलाई सांस्कृति संरक्षणलाई टेवा पुर्याउन वाद्यवादन सामाग्रीहरु उपलव्ध गराउन तेहौं नगरसभाको सि.नं. २६९ मा विनियोजित रकम मध्येबाट रु २ लाख उपलव्ध गराउने ।<br>६. ससत्र प्रहरीवल नेपाल सुरक्षा वेश वालाजु काठमाडौंको गाडी मर्मत गरिदिने सम्वन्धी पत्राचार अनुसार बा. २ झ ३१७ नम्बरको गाडी मर्मतको रु ५६९९९/- भुक्तानी उपलव्ध गराउने ।<br>७. टोखा नगरपालिका पशु स्वास्थ्य तथा पशु सेवा ऐन निर्माण तयारीको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने ।<br>८. ७ औं राष्ट्रिय खुल्ला दोहोरीगीत प्रतियोगिता-२०८०को लागि राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाललाई रु ५० हजार संस्कृति संरक्षण कोषबाट सहयोग उपलव्ध गराउने ।<br>९. साहित्यकार तथा साहित्य जगेर्ना एवं साहित्यीक प्रवर्द्धन कार्यक्रमका लागि संस्कृति संरक्षण कोषबाट हुने गरी रु ९५ हजार उपलव्ध गराउने ।<br>१०. टोखा नगरपालिकाको बा २ झ १६५१ नम्वरको गाडी मर्मत गराईएकोमा उक्त |

Scanned with CamScanner

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जैंजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३



| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | मर्मतको विल अनुसारको रकम रु. १३६७०० भुक्तानी उपलव्ध गराउने ।<br>११.८ नं. वडा कार्यालयको मिति २०८०-१०-०५,च.नं. २१७९ को पत्रानुसार गैहीगाउँ बिष्णुमति करिडोर आसपासको पाईपलाईनको लागि 63mmHDPE विस्तार गर्नको लागि माग भए बमोजिम काठमाडौं उपत्यका खानेपाली लिमेटैड महाराजगञ्जमा लागत अनुमान तयारको लागि पत्राचार गरिएकोमा के.यू.के.एल, महाराजगञ्ज शाखाको मिति २०८०/१०/११, च.नं. १९०को पत्राबाट उल्लेखित कार्यको लागि रु ४१०४४१/७३ को लागत अनुमान प्राप्त भएकोले उल्लेखित लागत अनुमान अनुसारको रकम तेह्रौं नगरसभाको सि.नं. २८४ को खानेपानी संरचना निर्माण तथा पाईपलाईन विस्तार मर्मत शिर्षकमा विनियोजित रकम मध्येबाट टोखा नगरपालिका अनुदान संचालन कार्यविधि, २०७६ बमोजिम काठमाडौं उपत्यका बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लिमिटेड, महाराजगञ्जको नाममा उल्लेखित लागत अनुमान अनुसारको रकम अनुदान निकासा उपलब्ध गराउने ।<br>१२.वडा नं. २ स्थित आरन्डोल देखि देवको जोड्ने सडकको साईड ड्रेन निर्माका लागि तेह्रौं नगरसभाको सि.नं. २८४ मा विनियोजित नगर पुर्वाधार विकास विशेष कार्यक्रमबाट रु १० लाख विनियोजन गर्ने ।<br>१३. टोखा नगरपालिका कार्यपालिका सदस्य श्री सुनिता श्रेष्ठ परियार नेपालीको आमाको असमायीक निधन भएकोमा मृतआत्माको चिरशान्तिको कामना गर्दे हार्दिक श्रद्धान्जली सहित शोक प्रस्ताव पारित गर्ने । |

Scanned with CamScanner